बैठक नं. २

आज मिति २०७८/०५/२९ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावतज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण वहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | टोपेन्द्र बहादुर के.सि. | सचिव | |
| | **सहयोगी कर्मचारी** | | |
| १. | सुदिपसिंह सुनार | लेखा अधिकृत | |
| २. | बालकृष्ण महतारा | इन्जिनियर | |
| ३ | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ४ | राजेन्द्र टमटा | कार्यालय सहयोगी | |

Scanned with CamScanner

## प्रस्ताव तथा निर्णयहरु :

निर्णय नं १

मिति २०७८ भाद्र २२ गतेका दिन बसेको नगरशिक्षा समितिको निर्णय बमोजिम यस नगरपालिकामा कोभिड-१९ सङ्क्रमणको जोखिम कम भएको हुँदा कोभिड-१९ सङ्क्रमणको सम्बन्धमा नेपाल सरकार र कोहलपुर नगरपालिकाले निर्धारण गरेको स्वास्थ्य मापदण्डलाई पुर्णरुपमा पालना गर्ने गरी नगरक्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थिहरुको भौतिक उपस्थितिमा पठन पाठनका लागि कक्षा सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्ने। साथै उक्त मितिमा विद्यालय सञ्चालन गर्न जिल्ला कोभिड-१९ व्यवस्थापन समन्वय समिति, बाँकेमा सिफारिस गरी पठाउने।

निर्णय नं. २

जिल्ला समन्वय समिति, बाँकेको आर्थिक सहयोगमा र यस नगरपालिकाको आयोजनामा संचालन भएका तपशिल बमोजिमका योजनाहरुको बजेट जिल्ला समन्वय समिति, बाँकेबाट विविध कारणले हाल सम्म निकासा हुन नसकि योजना संचालन गरि रहेका तथा कार्य सम्पन्न गरी भुक्तानी माग गरेका ठेकेदार कम्पनी र उपभोगता समितिलाई लामो समय देखि भुक्तानी गर्न नसकिएकोले उक्त बजेट जि.स.स.,बाँकेबाट निकासाबाट प्राप्त भएपछि सोधभर्ना हुने गरी आ.व.२०७८/०७९ मा समपुरक कोषमा विनियोजित रकमबाट देहायका योजनाहरुको रकम भुक्तानी गर्ने ।

तपशिल :

१. १३ नं. वडा कार्यालय भवन निर्माण ।

२. १२नं. वडा कार्यालय भवन निर्माण ।

३. श्री ने.रा. मा.वि. खर्डकवारको विधालय भवन निर्माण ।

निर्णय नं. ३

भुमि सुधार तथा मालपोत कार्यालय, बाँकेमा यस कोहलपुर नगरपालिकाबाट जाने सेवाग्राहीहरुलाई सहयोग गर्न नगरपालिकाको तर्फबाट नागरिक सहायता कक्ष (Help desk) मा राखिएका तपसिलका सहजकर्ताहरुलाई मिति २०७८/०६/१५ गते देखि लागु हुने गरि यस कार्यालयसँग भएको सम्झौता गरि पारिश्रमिक उपलब्ध नगराउने ।

<u>तपसिल</u>

१. नन्द खत्री -नेपालगंज-१८, बाँके ।

२. तारा रिजाल - नेपालगंज-०२, बाँके ।

निर्णय नं. ४

बर्षादको समयमा बाटोहरुको मर्मत गर्नु पर्ने (ग्रावेलिंग तथा ह्युम पाईप) भनि वडा कार्यालयहरुबाट निवेदनहरु पेश भएको र नगरपालिकाको कार्यालयले ग्रावेलिंग तथा ह्युम पाईप खरिद कार्यको लागि चालु आर्थिक वर्ष ०७८/०७९ मा बजेट विनियोजन नगरेको हुँदा सम्बन्धित वडा कार्यालयहरुले मर्मत खर्च शिर्षकमा विनियोजन गरेको बजेटबाट भुक्तानी हुने गरि बाटोहरुको मर्मत (ग्रावेलिंग तथा ह्युम पाईप) गर्नु पर्ने ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५

यस नगरपालिकाको निम्न स्थानमा रहेका दुईवटा रुखहरु तत्काल नहटाउदा भौतिक तथा मानवीय क्षेती हुने सम्भावना भएकोले उक्त स्थानका रुखहरु हटाउनको लागि जिल्ला वन कार्यालय बाँकेलाई अनुरोध गर्ने ।

तपसिल

१. वडा नं. २ वडा कार्यालय अगाडी रहेको वर्रोको रुख थान १ एक ।

२. वडा नं.११ नगर विकास समिति जानेबाटोमा जिर्ण अवस्थामा रहेको सालको रुख थान १ एक ।

निर्णय नं. ६

स्थानीय सरकार संचालन ऐन ,२०७४ ले स्थानीय तहलाई स्थानीय चाडपर्व विदा दिन सक्ने व्यवस्था भएअनुसार मिति २०७८/०५/२३ गते रहेको हरितालिका तीजमा नगरपालिकाको कार्यालयले दिएको स्थानीय चाड पर्व विदा अनुमोदन गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकाको रिङ्गरोड योजना निर्माण अन्तरगत मिति २०७८/०४/१९ गतेका दिनको कार्यपालिकाको निर्णय नं.१७ बमोजिमको ट्र्याक खोलि बाँकि वचत हुन आउने रकमवाट पुरानो रिङ्गरोड निर्माण कार्य स्थगन भएको वडा नं. ०८ बाट समेत निर्माणको काम अगाडी बढाउने ।

निर्णय नं. ८

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतको लागि प्राप्त भएका निवेदनहरु मध्ये तपशिलका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो ।

तपसिल :

१. अभि निर्माण कोहलपुर -०५ बाँके

२. सुखदि निर्माण सेवा कोहलपुर - ११ बाँके

३. जय लक्ष्मी खड्का निर्माण सेवा - कोहलपुर १२ बाँके

४. कुमार कन्ट्रक्सन कोहलपुर -५ बाँके

निर्णय नं. ९

यस नगरपालिकाले 'ख' वर्गको एम्बुलेन्स खरिद गर्ने र सो एम्बुलेन्सलाई नगर अस्पतालको मातहतमा राखी संचालन गर्ने ।

निर्णय नं. १०

ज्ञानज्योति मा.वि.कोहलपुर-११ बाँकेको माग बमोजिम हाल कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखालाई अन्य उपयुक्त स्थानमा सारी सो जग्गा ज्ञानज्योति मा.वि.कोहलपुर-११ बाँकेलाई हस्तान्तरण गर्ने ।

निर्णय नं. ११

"स्थानीय सरकार सञ्चालन ऐन-२०७४" को दफा ६० बमोजिम अटोरिक्सा तथा ई-रिक्साको पार्किङ्ग शुल्क संकलन कार्यका आय ठेक्का प्रबन्ध गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १२

यस नगरपालिकाले सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तरगत नगरक्षेत्रको फोहरमैला संकलन तथा व्यवस्थापन कार्यका लागि जटायु रिसाईकल प्रा.लि.सँग गरेको सम्झौता बमोजिमको रकम निकासा दिने ।

निर्णय नं. १३

सिक्टा सिंचाई आयोजना अन्तरगत पर्ने तपसिलका स्थानहरुमा रहेको पुलहरु बिग्रिएर सार्वजनिक आवागमनमा समेत अवरोध सिर्जना भएकाले सो स्थानमा रहेका पुलहरुको मर्मत संभारका लागि सिक्टा सिंचाई आयोजना, नेपालगंजसँग अनुरोध गर्ने ।

तपसिल

१. कोहलपुर १० मा रहेको चटार पुल ।
२. कोहलपुर-०८ मा रहेको पिपरी पुल ।
३. वडा नं.१० को विद्यालयबाट मन्नापुर जाने बाटोको नहरमा पुल निर्माण ।

निर्णय नं. १४

यस नगरक्षेत्रमा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले हकभोग गरेको जग्गाको नापनक्शाको काम वडा नं.०२ बाट शुरुवात गर्ने ।

निर्णय नं. १५

आर्थिक अभावका कारण औषधि उपचार गर्न नसकि यस कार्यालयमा निवेदन दिएको हुँदा तपसिलका व्यक्तिहरुलाई तपसिलको रोगको उपचारका लागि देहाय बमोजिमको रकम अन्य सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिल :

१. सुन्दरी नेपाली - क्यान्सर रोग उपचार, कोहलपुर, १० बाँके रु.३०,०००।- (अक्षेरुपी तीस हजार)
२. टेकु चन्द- रातको समयमा अगात समुहबाट भएको कुटपिट तथा सांघातिक हमलाको उपचार, कोहलपुर, १० बाँके रु.६३,०००।- (अक्षेरुपी त्रिसट्टी हजार)
३. नरेश थारु- घाँटी तथा पेटको संक्रमणको उपचार, कोहलपुर, १० बाँके रु.३०,०००।- ( अक्षेरुपी तीस हजार)
४. कमल उपाध्याय - विधुत करेन्ट लागि मेरुदण्डको उपचार, कोहलपुर, १० बाँके रु.५०,०००।- (अक्षेरुपी पचास हजार)

निर्णय नं. १६

यस नगरपालिकाको आ.व.२०७८/०७९ का लागि विभिन्न कार्यक्रम संचालन तथा नगर कार्यपालिकाको कामहरुलाई व्यवस्थापन गर्नका लागि नगरकार्यपालिकाको बैठकमा पेश भएका तपसिल बमोजिमका नीति,निर्देशिका तथा कार्यविधिहरु पारित गर्ने ।

तपसिल :

१. कोहलपुर नगरपालिकाको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि-२०७८
२. कोभिड-१९ सङ्क्रमणको जोखिम रहित वातावरणमा भौतिक कक्षा सञ्चालन कार्यविधि-२०७८
३. वालिका तथा समावेशी शिक्षा सञ्चालन गठन तथा परिचालन कार्यविधि-२०७८
४. कोहलपुर नगरपालिकाका सबै बालबालिकाहरुका लागि समावेशी विद्यालय शिक्षा नीति-२०७८

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

५. एम.वि.वि.एस. र स्टाफ नर्स अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि-२०७८

६. पशु विमा सहयोग सम्बन्धी कार्यविधि-२०७८

७. उत्पादनमा आधारित अनुदान कार्यक्रम (दुध र खशीबाखाको सामुहिक बजारीकरणमा) सञ्चालन कार्यविधि-२०७८

८. सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि-२०७८

९. बाल संरक्षण कोष सञ्चालन कार्यविधि-२०७८

१०. लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि-२०७८

११.कोभिड-१९ बाट मृत्यु भएका नगरवासीका आश्रित परिवारलाई राहत अनुदान सम्बन्धी कार्यविधि-२०७८

१२. नगर प्रमुख सामाजिक सुरक्षा (ग वर्गका अपाङ्ग र ६५ वर्ष उमेर पुगेका जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि-२०७८

१३. नगर प्रमुख छात्रबृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि-२०७८

१४. विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०७८

कोल्हुपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हुपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner